लुम्बिनी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
# प्रदेश सुशासन केन्द्र
नेपालगञ्ज, बाँके

पत्र संख्याः२०८२/८३
चलानी नं. :

मितिः २०८२/०४/०४

## सेवाकालीन तालिम प्रशिक्षार्थी मनोनयन फाराम भर्ने सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मितिः २०८२।०४।०४)

यस केन्द्रको चालु आ.व. ०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लुम्बिनी प्रदेशभित्रका प्रदेश र स्थानीय तहमा कार्यरत सहायक स्तर चौथो, पाँचौ तह, अधिकृतस्तर छैटौं, सातौं र आठौं तहका कर्मचारीहरूको लागि ३० कार्यदिने सेवाकालीन तालिम प्रदेश सुशासन केन्द्र, बाँकेमा संचालन हुने भएकोले फारम भर्ने अन्तिम दिन सम्म हाल बहाल रहेको पदमा न्युनतम ३ वर्ष सेवा अवधि पुरा भएको इच्छुक स्थायी कर्मचारीहरूले सेवाकालीन प्रशिक्षण प्रशिक्षार्थी अनलाइन मनोनयन फाराम भरी हाल बहाल रहेको पदको नियुक्ति/बढुवा भएको पत्र वा स्तर बृद्धि भई समायोजन भएको भए अन्तिम समायोजन मिति खुल्ने पत्रको छायाँप्रति र कार्यालय प्रमुखको सिफारिस पत्र संलग्न राखी मिति २०८२।०४।२४ गतेसम्म केन्द्रको वेभसाइट https://pcgg.lumbini.gov.np मा अनलाइन आवेदनमा गई फाराम भरी submit गरी पठाउनु हुन सूचना प्रकाशन गरिएको छ।

पुनश्च :

१. यो सूचना भन्दा अगाडी प्रशिक्षार्थी मनोनयन फारम भरी सेवाकालीन तालिमको लागि छनोट नभएका सेवाकालीन तालिममा भाग लिन इच्छुक कर्मचारीले पुनः सेवाकालीन तालिम प्रशिक्षार्थी मनोनयन फारम अनिवार्य भर्नु पर्नेछ ।

२. सेवाकालीन तालिम कार्यक्रममा छनोट भएका प्रशिक्षार्थीहरुको कार्यक्रम संचालन हुने दिन विहानको खाजा तथा खाना मात्र यस कार्यालयबाट व्यहोरिने छ ।

३. सेवाकालीन तालिममा छनोट भएका प्रशिक्षार्थी कर्मचारीहरुको नामावली र तालिम संचालन हुने मिति पछि प्रकाशित गरी जानकारी गराईनेछ ।

४. प्रशिक्षार्थीले अनलाइन आवेदनमा चाहिने मनोनयन फारम यस सुशासन केन्द्रको Website: pcgg.lumbini.gov.np बाट डाउनलोड गर्न सकिने छ वा अनलाईन आवेदनमा गई मनोनयन फारमबाट पनि डाउनलोड गर्न सकिने छ ।

<u>सम्पर्क व्यक्तिको नाम/थर</u>

सहायक कम्प्युटर अपरेटर श्री लेखनाथ पाण्डे सम्पर्क नं ९८५८०७२९७५
कम्प्युटर अपरेटर श्री इन्दु के. सी. सम्पर्क नं ९८५१३६०६३९
कम्प्युटर अपरेटर श्री वालकुमारी सुवेदी सम्पर्क नं ९८६१८६२३७६

उजीर प्रसाद न्यौपाने
कार्यकारी निर्देशक

“समृद्ध लुम्बिनीः आत्मनिर्भर प्रदेश”



CamScanner